आज मिति २०८० साल पौष १७ गते बिहान ११ बजे यस जयपृथ्वी नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री रतन बहादुर सिंह ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रतन बहादुर सिंह | उप-प्रमुख | |
| २ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ३ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ४ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | |
| ५ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | |
| ६ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ७ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ८ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| ९ | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं-०८ | |
| १० | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| ११ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १२ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १३ | उत्तरा कुइकेल खडका | महिला सदस्य | |
| १४ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १५ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १६ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १७ | कमला कुमारी कामी | महिला सदस्य | |
| १८ | धर्मराज रसाइली | दलित सदस्य | |
| १९ | लाल बहादुर सुनार | दलित सदस्य | |
| २० | लोकेन्द्र बहादुर वि.क. | दलित सदस्य | |
| २१ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

१. श्री विजय कुमार रजक योजना अधिकृत
2. श्री सुमन नेगटी सूचना प्रविधि अधिकृत
3. श्री तेज बहादुर सिंह कु. अ.
४. श्री प्रकाश चन्द्र उपाध्याय प्रशासन सहायक

मिति २०८०-०९-१७ गते बिहान ११:०० बजे बसेको नगर कार्यपालिका बैठकका प्रस्तावहरुः

१ शोक प्रस्ताव सम्बन्धमा ।

२ शोक बिदा सम्बन्धमा ।

३ बैठक स्थगित सम्बन्धमा ।

मिति २०८०-०९-१७ गते बिहान ११:०० बजे बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं १

यस जयपृथ्वी नगरपालिका कार्यालयका जे.सी.बी. चालक (अपरेटर) विथ्थडचीर गाउँपालिका वडा नम्बर ६ घर भएका वर्ष २९ का श्री प्रकाश खडायतको यस जयपृथ्वी नगरपालिका वडा नम्बर ४ बीउराडीमा सडक मर्मत कार्य सम्पन्न गरेर नगरपालिका कार्यालय फर्किने क्रममा बझाङ जिल्ला जयपृथ्वी नगरपालिका जयपृथ्वी राजमार्ग अन्तर्गत पुरानो बसपार्क र बाहुलीगाड झोलुङ्गे पुल नजिक आकस्मिक रुपमा जे.सी.बी. अनियन्त्रित भई मिति २०८०।०९।१६ गते राती ९:३० बजेतिर दुर्घटनाग्रस्त हुँदा दुर्घटनामा परेर घटना स्थलमै असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली सहित शोक सन्तप्त सम्पूर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस जयपृथ्वी नगरपालिका कार्यालयका जे.सी.बी. चालक (अपरेटर) विथ्थडचीर गाउँपालिका वडा नम्बर ६ घर भएका वर्ष २९ का श्री प्रकाश खडायतको मिति २०८०।०९।१६ गते भएको असामयिक निधन प्रति दुख व्यक्त गर्दै दुखको घडीमा यस जयपृथ्वी नगरपालिका कार्यालय र नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुमा मिति २०८०।०९।१८ गते शोकबिदा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ३

यस बैठकलाई केही समयको लागि स्थगित गरी पुन आजै दिउँसो ३:३० बजे बस्ने निर्णय गरियो ।

Sangam

आज मिति २०८० साल पौष १७ गते बेलुका ३:३० बजे यस जयपृथ्वी नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री रतन बहादुर सिंह ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रतन बहादुर सिंह | उप-प्रमुख | [signature] |
| २ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | [signature] |
| ३ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | [signature] |
| ४ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | [signature] |
| ५ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं-०४ | [signature] |
| ६ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | [signature] |
| ७ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | [signature] |
| ८ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| ९ | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं-०८ | [signature] |
| १० | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | [signature] |
| ११ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | [signature] |
| १२ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | [signature] |
| १३ | उत्तरा कुइकेल खडका | महिला सदस्य | [signature] |
| १४ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १५ | सरस्वती कुमारी जोशी | महिला सदस्य | [signature] |
| १६ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | [signature] |
| १७ | कमला कुमारी कामी | महिला सदस्य | [signature] |
| १८ | धर्मराज रसाइली | दलित सदस्य | |
| १९ | लाल बहादुर सुनार | दलित सदस्य | |
| २० | लोकेन्द्र बहादुर वि.क. | दलित सदस्य | |
| २१ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | [signature] |

१. श्री गोविन्द्र बहादुर विष्ट लेखा अधिकृत [signature]
२. श्री लाल बहादुर खाती आ.ले.प. अधिकृत [signature]
३. श्री प्रकाश चन्द्र उपाध्याय प्रशासन सहायक [signature]

[signature]

मिति २०८०-०९-१७ गते बेलुका ३:३० बजे बसेको नगर कार्यपालिका बैठकका प्रस्तावहरुः

१ आर्थिक सहयोग सम्बन्धमा ।

२ बाटो खोल्ने निर्णय हेरफेर सम्बन्धमा ।

३ नव प्रवर्तन कार्यक्रम संचालन प्रतिवद्धता सम्बन्धमा ।

मिति २०८०-०९-१७ गते बिहान ३:३० बजे बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं १

यस जयपृथ्वी नगरपालिका कार्यालयका जे.सी.बी. चालक (अपरेटर) विथ्थडचीर गाउँपालिका वडा नम्बर ६ घर भएका वर्ष २९ का श्री प्रकाश खडायतको यस जयपृथ्वी नगरपालिका वडा नम्बर ४ बीउराडीमा सडक मर्मत कार्य सम्पन्न गरेर नगरपालिका कार्यालय फर्किने क्रममा बझाङ जिल्ला जयपृथ्वी नगरपालिका जयपृथ्वी राजमार्ग अन्तर्गत पुरानो बसपार्क र बाहुलीगाड झोलुङ्गे पुल नजिक आकस्मिक रुपमा जे.सी.बी. अनियन्त्रित भई मिति २०८०।०९।१६ गते राती ९:३० बजेतिर दुर्घटनाग्रस्त हुँदा दुर्घटनामा परेर घटना स्थलमै असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली सहित शोक सन्तप्त सम्पूर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै निजको सहोदर दाजु प्रेम बहादुर खडायतसँग भएको लिखित सहमती.पत्र बमोजिंम यस नगरपालिकाको तर्फबाट मृतकको श्रीमती र नाबालक छोराको नाममा रहेको बैङ्क खातामा तपसिल को रकम आर्थिक सहयोग स्वरुप विपद शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१ काजक्रिया खर्च वापत रु २५०००।(पच्चीस हजार मात्र)तत्काल नगद उपलब्ध गराइने।

२ आर्थिक सहायता वापत रु ५०००००।(पाँच लाख मात्र)

३ बीमा कम्पनीको तर्फबाट रु ५०००००। (पाँच लाख मात्र)

निर्णय नं २

एम्बुलेन्स, दमकल लगायतका अतिआवश्यक न्यूनतम सेवा प्रवाह गर्न यस जयपृथ्वी नगरपालिका चैनपूर बजार भित्र डिभिजन वन कार्यालय र विद्युत कार्यालय बीचको बाटो लगायतका ७ वटा बाटाहरु खोल्ने तथा आवश्यकता अनुसार विस्तार गर्ने गरी नगर कार्यपालिकाको मिति २०८०।०८।१२ गतेको बैठकबाट निर्णय भई सो बमोजिम २०८०।०८।१५ गते अनधिकृत संरचना हटाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सूचना प्रवाह भएकोमा रिट निवेदक (नेपाल विद्युत प्राधिकरण बझाङ्ग वितरण केन्द्र) को सहमती तथा मञ्जुरीनामा वेगर प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म निवेदकको नाममा दर्ता कायम रहेको कित्ता नम्बर ८१ र २६० को जग्गामा रहेको पर्खाल भत्काउने, बाटो निर्माण गर्ने लगायतका कार्य नगर्नु नगराउनु भनी सम्मानित उच्च अदालत दिपायलबाट यस नगरपालिकाको नाममा अन्तरिम आदेश जारी भई आएको हुँदा उक्त मुद्दाको टुङ्गो नलागेसम्म हाललाई डिभिजन वन कार्यालय र विद्युत कार्यालय बीचको बाटो खोल्ने कार्य स्थगित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ३

नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४२ (१) ख बमोजिम नगरपालिकाले प्राप्त गर्न सक्ने १ करोड सम्मको नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम कार्यविधिको पूर्ण पालना गर्ने प्रतिवद्धता सहित कार्यक्रममा सहभागी भई कार्यक्रमको लागि २५ प्रतिशत लागत साझेदारी व्यहोर्ने निर्णय गरियो । साथै सोको प्रतिवद्धता पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखामा पेश गर्ने निर्णय गरियो ।